नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना प्रविधि विभाग**

आ.व. २०८२/०८३ चौथो त्रैमासिक (२०८२ चैत१ देखि २०८३ असार मसान्त सम्म)

***सूचनाको हक (स्वतः प्रकाशन) कार्यान्वियन सम्बन्धी प्रगति विवरण***

**१. पृष्ठभूमिः**

सूचना प्रविधि क्षेत्रमा भईरहेको विश्वव्यापी तीव्रतर विकास तथा उपयोगसँग तादाम्यता कायम गर्ने गरी सूचना प्रविधिको प्रयोगलाई नेपालको आर्थिक विकासका लागि बिस्तार गरिनु आजको वाञ्छित आवश्यकता हो ।

नेपालको आर्थिक सामाजिक क्षेत्रको दिगो विकासमा सूचना प्रविधि क्षेत्रले उल्लेख्य योगदान पुऱ्याउन सक्ने सम्भावना र अबसरलाई अधिकतम उपयोग गर्न आवश्यक छ । सार्वजनिक सेवाहरुको प्रवाहमा प्रभावकारिता हासिल गर्दै सेवाग्राहीहरुको पहुँचलाई सहज तुल्याइ सुशासनलाई सुनिश्चितता प्रदान गर्नमा सूचना प्रविधिको उपयोगलाई तिब्रता दिनु आवश्यक देखिन्छ ।

नेपालमा निजी क्षेत्रले सूचना प्रविधिको उपयोग तीब्र गतिले बृद्धि गर्दै आएको छ । यसबाट निजी क्षेत्रको कार्य सम्पादन स्तरमा उल्लेख्य बृद्धि भएको मानिन्छ तर निजी क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई विश्वसनीय तुल्याउन नियमनको प्रभावकारी व्यबस्था हुन नसकेको र केन्द्र देखि स्थानीयस्तर सम्म निजी क्षेत्र अनतर्गत सूचना प्रविधिको बढ्दो उपयोगलाई व्यबस्थित रुपले प्रवर्धन गरी सम्भावित अपराधको जोखिमलाई न्यूनीकरण गर्न एवं सो बाट आउनसक्ने बिकृतिहरु नियन्त्रण गर्न प्रभावकारी नियमनको लागि आधिकारीक संरचनागत सम्यन्त्रको अभाव रहेको पृष्ठभूमिमा सूचना प्रविधि विभागको गठन भएको हो ।

सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै सुशासन, गरिबी न्यूनिकरण लगायत सामाजिक तथा आर्थिक रुपान्तरण र दीगो विकासका लक्ष्यहरु प्राप्त गर्न राष्ट्रिय सूचना प्रविधि नीति, २०७२ कार्यान्वयनको क्रममा छ । तत्कालिन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत सूचना प्रविधिको अनुसन्धान, बिकास, उपयोग तथा नियमन लगायतका कार्यहरु प्रभावकारी ढंगले सम्पादन गर्न र सूचना प्रविधिको क्षेत्रमा नियामक, उत्प्रेरकको भूमिका निर्वाह गर्नेगरी मन्त्रिपरिषद्को मिति २०६९/२/११को निर्णयबाट सूचना प्रविधि विभागको गठन भएको हो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/१०/०९ को निर्णयानुसार यस विभागको संगठन संरचना परिमार्जन भएको थियो।

## २. विभागको स्वरुप र प्रकृति

सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग तथा नियमन लगायतका कार्यहरु प्रभावकारी ढङ्गले सम्पादन गर्न र सूचना प्रविधिको क्षेत्रमा नियामक, उत्प्रेरकको भूमिका निर्वाह गर्ने गरी जम्मा ३५ जना कर्मचारी सहित सञ्चार तथा सूचना प्रविधि अन्तर्गत सूचना प्रविधि विभागको गठन भएको थियो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति

२०८०/१०/०९ को निर्णयानुसार यस विभागको परिवर्तित संगठन संरचना अनुसार जम्मा ३९ जना कर्मचारीको दरबन्दी कायम भएको छ।


## ३. विभागको काम, कर्तव्य र अधिकार

सूचना प्रविधि विभागको संगठनात्मक संरचना तथा कार्यविवरणका आधारमा निम्न वमोजिमका काम, कर्तव्य र अधिकारहरु निर्धारण गरिएको छ ।

- सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यान्वयन निकायको भूमिका निर्वाह गर्ने।
- सूचना प्रविधिको उपयोगमा अन्तरनिकाय समन्वयकर्ताको कार्य गर्ने ।
- नेपाल सरकारको विभिन्न निकायहरूमा सूचना प्रविधिको प्रयोगलाई विश्वसनीय एवं सुरक्षित तुल्याउने ।
- मुलुकमा विद्युतीय सुशासन (e-governance) व्यवस्थालाई उत्तरदायीपूर्ण तुल्याई शासन प्रणालीको तल्लो तहसम्म विस्तार गर्नमा सहजीकरण गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा रोजगारीका अवसरहरू विस्तार गर्ने ।
- सरकारी निकायहरुलाई आ-आफ्नो क्षेत्रमा सूचना एवं सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिमा आधारित रणनैतिक अवधारणा एवं कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न उत्प्रेरित गर्ने ।
- सरकारी निकायका सूचना प्रविधिजन्य कार्यहरुमा एकरुपमा (Standardization) ल्याउनका लागि नेपाल सरकारद्वारा Develop गरिएको Government Enterprise Architecture (GEA) लाई प्राथमिकता साथ लागु गर्ने ।
- Government Integrated Data Center (GIDC) लाई प्रभावकारी वनाई सूचना प्रविधि विकासको मूख्य पूर्वाधारको रुपमा विकास गर्ने ।
- मन्त्रालयको मार्गनिर्देशनमा रही अन्तर्राष्ट्रीयस्तरमा प्रचलित सूचना प्रविधिबारे अध्ययन अनुसन्धान गरी उपयुक्त प्रविधिलाई मुलुकको आर्थिक–सामाजिक विकासको क्षेत्रमा प्रयोगमा ल्याउने ।
- विद्युतीय कारोबारलगायत अन्य क्षेत्रलाई मुलुकभित्र व्यवस्थित ढंगले विस्तार गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई प्रवर्धन गर्ने।
- सूचना प्रविधि क्षेत्रमा जनताको पहुँच अभिवृद्धि गर्ने ।
- परम्परागत सूचना प्रविधिको आधुनिकीकरण गरी प्रयोगमा ल्याउने ।

- विद्यालय शिक्षामा सूचना प्रविधिको पठनपाठनको व्यवस्था गर्ने ।
- सूचना प्रविधिको क्षेत्रमा संख्यात्मक र गुणात्मक हिसाबले जनशक्तिको विकास गर्ने ।
- सूचना प्रविधिसम्बन्धी प्राविधिकहरूका लागि आवश्यक मापदण्डहरू (Code & Specifications) तयार गरी निकायगत सबलीकरण गर्ने ।सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिको वृत्ति विकास तथा सक्षमता अभिवृद्धि गर्ने।

## ४. संगठन संरचनाः



## ९. सूचना प्रविधि विभागको दरबन्दीको तेरिज

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना प्रविधि विभागको दरबन्दी तेरिज

अनुसूची २.१

| क्र.सं. | पद नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मौजुदा दरबन्दी | थप | घट | कायम हुने दरबन्दी | |
| १ | महानिर्देशक | रा.प.प्रथम(प्रा) | विविध | - | - | १ | ० | ० | १ | |
| २ | उप-महानिर्देशक | रा.प.प्रथम(प्रा) | विविध | - | - | ० | १ | ० | १ | |
| ३ | निर्देशक | रा.प.द्वितीय(प्रा) | विविध | - | - | ३ | ० | ० | ३ | |
| ४ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | - | ० | १ | ० | १ | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | - | १ | ० | ० | १ | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | - | १ | ० | ० | १ | |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | - | १ | ० | ० | १ | |
| ८ | कम्प्यूटर अधिकृत | रा.प.तृतीय | विविध | - | - | २ | ० | १ | १ | |
| ९ | कम्प्यूटर ईन्जिनियर | रा.प.तृतीय | विविध | - | - | ६ | ४ | ० | १० | |
| १० | कम्प्यूटर अधिकृत(सेक्युरिटी) | रा.प.तृतीय | विविध | - | - | ० | १ | ० | १ | |
| ११ | कम्प्यूटर अधिकृत (प्रोगामर) | रा.प.तृतीय | विविध | - | - | ० | २ | ० | २ | |
| १२ | कम्प्यूटर अधिकृत(डाटावेश) | रा.प.तृतीय | विविध | - | - | ० | २ | ० | २ | |
| १३ | कम्प्यूटर अधिकृत(स्स्टिम आर्किटेक) | रा.प.तृतीय | विविध | - | - | ० | १ | ० | १ | |
| १४ | कम्प्यूटर अधिकृत(गुप्तस्तर) | रा.प.तृतीय | विविध | - | - | ० | १ | ० | १ | |
| १५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ | ० | १ | ० | |
| १६ | ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | - | ३ | ० | ३ | ० | |
| १७ | कम्प्यूटर | रा.प.अनं.प्रथम | विविध | - | - | ८ | ० | ५ | ३ | |

विनोद प्रकाश सिंह
सचिव

| क.सं. | पद नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मौजुदा दरबन्दी | थप | घट | कायम हुने दरबन्दी | |
| | टेक्निसियन | | | | | | | | | |
| १८ | कार्यालय सहयोगी | श्रेणीविहिन | - | - | - | ६ | ० | ० | ६ | |
| १९ | हलुका सवारी चालक | श्रेणीविहिन | - | - | - | २ | १ | ० | ३ | |
| जम्मा | | | | | | ३५ | १४ | १० | ३९ | |

विनोद प्रकाश सिंह
सचिव

## ६. सूचना प्रविधि विभागको कार्य विवरण

१. सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यान्वयन निकायको भूमिका निर्वाह गर्ने।
२. सूचना प्रविधिको उपयोगमा अन्तरनिकाय समन्वयकर्ताको कार्य गर्ने ।
३. सरकारी डाटासेन्टर, डाटा रिकोभरी सेन्टर र प्रदेशगत सूचना प्रविधि समन्वय कार्यालयको अनुगमन तथा नियमन गर्ने
४. नेपाल सरकारको विभिन्न निकायहरूमा सूचना प्रविधिको प्रयोगलाई विश्वसनीय एवं सुरक्षित तुल्याउने ।
५. मुलुकमा विद्युतीय सुशासन (e-governance) व्यवस्थालाई उत्तरदायीपूर्ण तुल्याई शासन प्रणालीको तल्लो तहसम्म विस्तार गर्नमा सहजीकरण गर्ने ।
६. सरकारी निकायका सूचना प्रविधिजन्य कार्यहरुमा एकरुपता ल्याउन Government Enterprise Architecture (GEA) लाई प्राथमिकता साथ लागू गर्ने ।
७. Government Integrated Data Center (GIDC) लाई प्रभावकारी वनाई सूचना प्रविधि विकासको मूख्य पूर्वाधारको रूपमा विकास गर्ने ।
८. सूचना प्रविधिको क्षेत्रमा नियमित रूपमा राष्ट्रिय तथ्यांकहरु अद्यावधिक गर्ने IT Information Index तयार गरी सूचना प्रविधि सम्बन्धी अवधारणा तथा कार्यक्रम लागू गर्न आवश्यक e-Readiness Assessment नियमित रूपमा गर्ने ।
९. मन्त्रालयको मार्गनिर्देशनमा रही अन्तर्राष्ट्रियस्तरमा प्रचलित सूचना प्रविधिबारे अध्ययन अनुसन्धान गरी उपयुक्त प्रविधिलाई मुलुकको आर्थिक—सामाजिक विकासको क्षेत्रमा प्रयोगमा ल्याउने ।
१०. विद्युतीय कारोवारलाई मुलुकभित्र व्यवस्थित गर्ने ।
११. सूचना प्रविधिको क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन गर्ने।
१२. सूचना प्रविधि क्षेत्रमा जनताको पहुँच अभिवृद्धि गर्ने ।
१३. परम्परागत सूचना प्रविधिको आधुनिकीकरण गरी प्रयोगमा ल्याउने ।
१४. सूचना प्रविधिको क्षेत्रमा योगदान गर्ने व्यक्ति/संस्था/निकायलाई प्रोत्साहित गर्ने ।
१५. सूचना प्रविधिको क्षेत्रमा रोजगारीका अवसरहरू विस्तार गर्ने।
१६. सूचना प्रविधि प्रणाली एवं एपहरुको प्रवर्द्धन गर्ने।
१७. एकीकृत रूपमा सञ्चालन गर्न सकिने प्रणालीहरुको एकिन गरी केन्द्रिकृत रूपमा निर्माण गरी सञ्चालनमा ल्याउने।
१८. सूचना प्रविधिसँग सम्बन्धित दक्ष जनशक्तिहरु (IT key experts) को पुल तयार पारी संघीय सरकार भित्रका निकायहरुमा सफ्टवेयर डिजाइन तथा डेभलपमेन्ट, हाडवेयर सञ्चालन गर्न आवश्यक जनशक्तिहरु परिचालन गर्ने।
१९. सरकारी निकायका सूचना प्रविधि प्रणाली तयार गर्न तथा सञ्चालन गर्न परामर्शसेवा प्रदान गर्ने।

➢ **प्रणाली परीक्षण शाखाको कार्य विवरण**

१. अन्य सरकारी कार्यालयहरुमा सञ्चालनमा रहेका प्रणालीहरुको आन्तरिक परिक्षण गर्नको लागि आवश्यक मापदण्ड तयार गर्ने।

२. सरकारी कार्यालयका सूचना प्रणालीहरूको सुरक्षा परीक्षण गर्ने।

३. सुरक्षा मानकहरू, नीति, र दिशानिर्देशको पालना सम्बन्धी जांच गर्ने।

४. मानकहरूको पालना अवस्था सम्बन्धी परीक्षण गर्ने।

२०. सरकारी कार्यालयका सूचना प्रणालीहरूको Vulnerabilities Assessment and Penetration Testing(VAPT) गर्ने।

५. घटनाका अनुसन्धान र जांच गर्ने कार्यहरू।

६. प्रणाली परिक्षणको प्रतिवेदन तयार गर्ने।

७. तोकिएका मापदण्ड पुरा गरेका सूचना प्रविधि सुरक्षा जाँच गर्ने संस्थाहरुको सूची तयार गर्ने तथा अद्यावधिक गर्ने।

२१. नेटवर्क Configuration, नेटवर्क व्यवस्थापन, फायरवॉल निर्माण, इन्ट्रुडेटेक्शन प्रतिबन्ध, अनुप्रयोग संरक्षण, नेटवर्क मानकहरूको पालना र प्रणाली सुरक्षा नियमन गर्ने।

८. आवश्यकता अनुसार अन्य सरकारी निकायहरुलाई नेटवर्क विकास, सञ्चालन सम्बन्धी कार्यमा प्राविधिक सहयोग गर्ने।

९. साइबर सुरक्षा नियमन, साइबर आकस्मिकता परिस्थितिमा तालिम र तत्परता नियन्त्रण गर्ने।

२२. साइबर सुरक्षा घटना व्यवस्थापन (Cyber Security Incident Management) साइबर सुरक्षा घटनाहरूको विचाराधीनता, पहिचान, विश्लेषण, अवरोध र निष्पादन गर्न सहयोग गर्ने।

२३. साइबर सुरक्षा नीति र प्रक्रिया (Cyber Security Policy and Procedures) साइबर सुरक्षा नीति, मानदण्ड र प्रक्रियाको विकास, अद्यावधिक गर्ने।

२४. साइबर सुरक्षा तालिम र सचेतना (Cyber Security Training and Awareness) कर्मचारीहरूलाई साइबर सुरक्षा तालिम र सचेतना प्रदान गर्ने।

१०. साइबर सुरक्षा विश्लेषण र प्रतिवेदन (Cyber Security Analysis and Reporting) आवश्यकता अनुसार साइबर सुरक्षा सम्बन्धीत घटनाका विश्लेषण र प्रतिवेदन गर्ने।

## ➢ प्रशासन तथा जनशक्ति विकास शाखाको कार्य विवरण

१. विभाग तथा मातहतको बार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने गराउने।
२. स्वीकृत कार्यक्रमहरू कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने गराउने।
३. विभाग तथा अन्तर्गत निकायहरूबाट भए गरेका त्रैमासिक, अर्धबार्षिक तथा बार्षिक कार्यक्रम प्रगति प्रतिवेदन तयारी गर्ने।
४. विभाग र अन्तर्गत कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको वैयक्तिक विवरणसहितको अभिलेख राख्ने।
५. कर्मचारीहरूको सरुवा, बढुवा तथा पदस्थापनासम्बन्धी कार्य गर्ने।
६. जिन्सी व्यवस्थापन, खरिद व्यवस्थापन लगायत आन्तरिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने।
७. सूचना प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम केन्द्रहरूको सूची अद्यावधिक गर्ने।
८. सूचना प्रविधि क्षेत्रमा तालिमका आवश्यकताहरू पहिचान गर्ने।
९. सूचना प्रविधि प्रवर्द्धनमा आवश्यक जनशक्ति उत्पादनका लागि सम्बन्धीत शिक्षण संस्था एवं विश्वविद्यालयहरूसँग सम्पर्क गर्ने गराउने।
१०. सूचना प्रविधि सम्बन्धमा मन्त्रालयको मार्ग निर्देशनभित्र रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसित सम्पर्क एवं समन्वय गर्ने।
११. सूचना प्रविधि सम्बन्धी सप्टवेयर विकासका लागि आवश्यक जनशक्ति उत्पादन कार्यक्रमहरूको प्रवर्द्धन गर्ने ।
१२. सूचना प्रविधिको विकासमा योगदान पुर्‍याउने व्यक्ति, संस्था र निकायलाई प्रोत्साहन गर्ने।
१३. सूचना प्रविधिसँग सम्बन्धीत विशिष्टिगत विषयको पाठ्यक्रम तथा व्यवसायिक तालिम निर्माण गर्न विश्वविद्यालय लगायत सँग समन्वय गर्ने।
१४. सूचना प्रविधि क्षेत्रमा योग्य तथा सीपयुक्त जनशक्तिको विकास गर्ने।
१५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका तालिम सम्बद्ध निकायहरुसँग सहकार्य, समन्वय गर्ने।
१६. डिजिटल साक्षरता तथा सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने।
१७. साइबर सुरक्षाको जोखिमबाट सुरक्षित रहन जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने।
१८. नेपाल सरकारका निकायहरुमा कार्यरत जनशक्तिलाई सूचना प्रविधि सम्बन्धी विभिन्न विषयहरुमा तालिम दिई उनीहरुको क्षमता अभिवृद्धि गर्ने।
१९. सूचना प्रविधिका विभिन्न विषयहरुको लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण तालिम सामग्री उत्पादन तथा वितरण सम्बन्धी कार्य।
२०. बार्षिक बजेट र अख्तियारी बमोजिम निकासा प्राप्त रकम खर्च गरी तोकिए बमोजिम लेखा राख्ने।
२१. लेखापरीक्षणबाट उठेका बेरुजुहरूको लगत राखि संपरीक्षण गराउने
२२. विभागको प्रशासनिक एवं आर्थिक प्रशासन सम्वन्धी अन्य कार्य गर्ने ।

➢ **पूर्वाधार विकास, अनुमति, नियमन तथा मापदण्ड निर्धारण शाखाको कार्य विवरण**

१. सूचना प्रविधि प्रवर्द्धन गर्न आवश्यक संकेत तथा मापदण्ड तयार पार्ने।
२. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति, रणनीति, योजना, निर्देशका, मार्गदर्शन, तर्जुमा गर्ने।
३. सार्वजनिक निकाय एवं नीजी क्षेत्रले प्रदान गर्ने सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धीत सेवा, सुविधाको गुणस्तर र मापदण्ड निर्धारण गर्ने ।
४. सरकारी एवं सार्वजनिक निकायले सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगमा अपनाउनुपर्ने सुरक्षा सम्बन्धी गुणस्तर र मापदण्ड निर्धारण गर्ने ।
५. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाको गुणस्तर र प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन गर्ने,
६. सूचना प्रविधि सम्बन्धी उपकरणहरु पैठारी एवं बिक्रि वितरण गर्नको लागि मापदण्ड निर्धारण गर्ने।
७. नेपालभित्र डाटा सेन्टर तथा क्लाउड सेवा सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम आवश्यक पर्ने इजाजतपत्र सम्बन्धी कार्य गर्ने।
८. प्रचलित कानून बमोजिम दर्ता भएका सूचना प्रविधि सम्बन्धी उद्योग वा व्यवसायको अभिलेख राख्ने।
९. सामाजिक सञ्जाल सञ्चालनको लागि प्रचलित कानून बमोजिम गर्नु पर्ने दर्ता सम्बन्धी कार्यहरु गर्ने।
१०. सूचना प्रविधि सम्बन्धी ऐन/नियम, विनिमय बमोजिम काम भए नभएको बारे राय प्रदान गर्ने।
११. अदालतबाट भएका आदेशहरूको लिखित जवाफ वा प्रतिउत्तर तयार पार्ने।
१२. सप्टवेयर पाइरेसी एवं सूचना प्रविधिजन्य अपराध कम गर्न विद्यमान कानुनी उपचारको प्रचार प्रसार गर्ने।
१३. सूचना प्रविधि व्यवसाय सञ्चालनका लागि प्रचलित कार्यविधि एवं कानून बमोजिम इजाजत र अनुमति नवीकरण सम्बन्धी कार्य गर्ने।
१४. सूचना प्रविधि सम्बन्धी मौजुदा कानुनी प्रावधानहरू सम्बन्धमा गर्नुपर्ने सुधारका बारे अध्ययन गरी सिफारिस गर्ने।
१५. प्रचलित कानून बमोजिम सूचना प्रविधि सम्बन्धी अन्य सेवाहरूको अनुमति दिने।
१६. सूचना प्रविधि सेवाहरूको नियमन, मानकीकरण, र अनुपालन गर्ने गराउने।
१७. निजी र सार्वजनिक सेवाहरूका लागि सूचना प्रविधि सेवाहरूको नियमन गर्ने कार्य ।

१८. सूचना प्रविधि सम्बन्धीत नियम, मान्यता, निर्देशिका, मापदण्ड, नीति, र प्रक्रियाको अनुगमन गर्ने।

१९. सूचना प्रविधि सेवाहरूको तथ्याङ्कहरूको संकलन, विश्लेषण, र प्रतिवेदन तथा प्रस्तुति गर्ने कार्यहरू,

२०. प्रचलित कानून अनुसार अनुमति तथा इजाजत दिइएका सस्थाहरुको अनुगमन गर्ने।

## ➢ प्रणाली विकास तथा सञ्चालन शाखाको कार्य विवरण

१. विद्युतीय प्रणालीहरूको सञ्चालन, नियन्त्रण, व्यवस्थापनको कार्य गर्ने।

२. विद्युतीय शासन व्यवस्थाका लागि विभिन्न सरकारी निकायहरूसँग सम्पर्क गर्ने र तिनको क्षमता वृद्धिमा सहयोग पुऱ्याउने, ।

३. विद्युतीय प्रणालीहरूको सञ्चालनको आवश्यक जनशक्ति, पूर्वाधार लगायत अन्य स्रोत साधनको व्यवस्थापन गर्ने।

४. विद्युतीय प्रणाली सञ्चालनका लागि आवश्यक सपोर्टको व्यवस्था गर्ने।

५. सरकारी ईमेलको सञ्चालन तथा व्यवस्थापन गर्ने।

६. नागरीक एपको सेवा विस्तार र सञ्चालन तथा व्यवस्थापन गर्ने।

७. नेपाल सरकारको सूचना प्रविधि प्रणालीहरुको लागि आवश्यक SSL, Digital Certificate जारी गर्ने गरी government CA को रूपमा कार्य गर्ने।

८. सरकारी डोमेन .gov.np को सञ्चालन तथा व्यवस्थापन गर्ने।

९. राष्ट्रिय ज्ञान पार्कको  व्यवस्थापन र सञ्चालन गर्ने।

१०. अन्य सूचना प्रविधि पूर्वाधारको पहिचान, विस्तार र सञ्चालन गर्ने ।

२५. .np को सञ्चालन तथा व्यवस्थापन तथा नियमन गर्ने।

११. राष्ट्रिय ज्ञान पार्कको सञ्चालनको लागि आवश्यक नीति, निर्देशिका कार्यविधि बनाउने।

१२. राष्ट्रिय ज्ञान पार्कको सञ्चालन तथा व्यवस्थापन गर्ने।

१३. सूचना प्रविधिका पूर्वाधार संरचनाहरू दिगो, वातावरण मैत्री, सुरक्षित तथा किफायती बनाउने तर्फ पहल गर्ने ।

१४. नेपाल सरकार अन्तर्गत एकीकृत रूपमा सञ्चालन गर्न सकिने प्रणालीहरुको पहिचान, विकास, सञ्चालन एवं व्यवस्थापन गर्ने।

१५. विभिन्न सरकारी निकायहरुलाई विद्युतीय सुशासनको लागि आवश्यक Software Application हरुको पहिचान गर्ने र त्यस्ता Application हरुको निर्माण कार्यमा सम्बन्धीत निकायहरुलाई सहजिकरण गर्ने।

१६. संघ, प्रदेश र स्थानीय तहमा प्रयोग भई रहेका सूचना प्रविधि प्रणालीहरुको विवरण अद्यावधिक गर्ने।

१७. Application Development, Database management लगायतका विद्युतीय प्रणाली निर्माण एवं व्यवस्थापनका लागि आवश्यक जनशक्ति (Key Experts) हरुको व्यवस्थापन गर्ने।

१८. विद्युतीय सेवाहरुको प्रभावकारी सञ्चालन गर्न आवश्यक साझा प्रणालीहरुको विकास गर्ने ।

१९. सरकारी निकायहरुमा प्रयोग भएका वा हुने प्रणालीहरुको विचमा अन्तरआवध्दताको लागि आवश्यक नीति, मापदण्ड र Procedure बनाई लागू गर्ने।

२६. सार्वजनिक निकायहरुद्वारा प्रदान गरिने विद्युतीय सेवा (e-service) हरुलाई integrate गर्ने।

२०. विद्युतीय सेवाहरुको प्रभावकारी सञ्चालन गर्न आवश्यक साझा प्रणालीहरुको विकास गर्ने।

२१. नेपाल सरकार अन्तर्गत निर्माण तथा सञ्चालन गरीएका प्रणालीहरुको गुणस्तर नियन्त्रण (Quality Control) को कार्य गर्ने।

२२. सूचना प्रविधि प्रणालीहरुको अन्तर आवद्धताको लागि Service Gateway लगायतका पूर्वाधारको व्यवस्थापन तथा सञ्चालन गर्ने।

**७. सम्बद्ध ऐन, नियम, नीति, गठन आदेश तथा निर्देशिका, कार्यविधि र अन्य कानूनी व्यवस्था**

- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- विद्युतीय कारोबार नियमावली, २०६४
- ई-भिलेज कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि — २०७०
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा संचालन) निर्देशिका, २०७१
- सूचना तथा संचार प्रविधि नीति, २०७२
- सूचना, प्रविधि पार्क (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२
- सरकारी निकायका मोवाइल एप्पहरुको मापदण्ड – २०७५
- सूचना प्रविधि मैत्री विद्यालय (Smart School) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५
- सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- सरकारी निकाय सञ्चालन सम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका, २०७८
- सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका , २०७८
- सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१
- डाटा सेन्टर तथा क्लाउड सेवा ( सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१
- नागरिक एप (संचालन तथा व्यवस्थापन) दिग्दर्शन, २०८२

## ८. विभागको नागरिक वडा पत्रः-

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना प्रविधि विभाग**

**नागरिक वडापत्र**

| क.सं. | सेवाको विवरण | सेवा प्रास गर्न सेवाग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया | आवश्यक कागजात | लाग्ने शुल्क | लाग्ने अनुमानित समय | जिम्मेवार कर्मचारीशाखा/ | सेवा प्रवाह गर्ने समय | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| 1. | पत्रनिवेदन दर्ता/ | पत्रनिवेदन/ | - | नि:शुल्क | तत्काल | दर्ताचलानी/ | कार्यालय समय भित्र | महानिर्देशक |
| 2. | IT System/Web Application/ Website (Security) Audit (सरकारी निकायको) | निवेदन आधिकारिक पत्र/ सहित अनलाइन प्रणाली मार्फत | आधिकारिक पत्र | नि:शुल्क | कार्यवोझका आधारमा कार्यदिन 15 देखि 2 | निर्देशक )प्रणाली परिक्षण शाखा( | कार्यालय समय भित्र | महानिर्देशक |
| 3. | Centralized e-Attendance जडान सम्बन्धी | निवेदन आधिकारिक पत्र/ सहित अनलाइन प्रणाली मार्फत | आधिकारिक पत्र | नि:शुल्क | बढीमा 5कार्यदिन | निर्देशक (पूर्वाधार विकास ,अनुमति , नियमन तथा मापदण्ड निर्धारण शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| 4. | एकिकृत SMS Gateway सेवा | सरकारी निकायको अनुरोध पत्र सहित अनलाइन प्रणाली मार्फत | आधिकारिक पत्र र सम्झौता पत्र | नि:शुल्क | ७ दिन | निर्देशक ) प्रणाली विकास तथा सञ्चालन शाखा( | निरन्तर | महानिर्देशक |
| ५. | एकिकृत कार्यालय व्यबस्थापन प्रणाली (GIOMS) | सरकारी निकायको अनुरोध पत्र सहित अनलाइन प्रणाली मार्फत | - | नि:शुल्क | दिन तालिम सहित 15 | निर्देशक ) प्रणाली विकास तथा सञ्चालन शाखा ( | निरन्तर | महानिर्देशक |
| ६. | Government Cloud को सेवा प्रदान गर्ने | आधिकारिक पत्र सहित अनलाइन प्रणाली मार्फत | आधिकारिक पत्र र सम्झौता पत्र | नि:शुल्क | ५दिन तालिम सहित | निर्देशक ) प्रणाली विकास तथा सञ्चालन शाखा( | कार्यालय समय भित्र | महानिर्देशक |
| ७. | एकिकृत वेव साईट व्यबस्थापन प्रणाली (GIWMS) | सरकारी निकायको अनुरोध पत्र सहित अनलाइन प्रणाली मार्फत | आधिकारिक पत्र | नि:शुल्क | दिन तालिम सहित 15 | निर्देशक ) प्रणाली परिक्षण शाखा ( | निरन्तर | महानिर्देशक |
| 8. | सूचना प्रविधि प्रणाली प्रणालीमापदण्ड (GEA) अनुसार भए नभएको जाँच-गर्ने | आधिकारिक पत्र | Requirement Analysis & Design Document | नि:शुल्क | वार्षिक कार्यक्रम अनुसार क्रमैसँग | निर्देशक (पूर्वाधार विकास ,अनुमति , नियमन तथा मापदण्ड निर्धारण शाखा) | कार्यालय समय भित्र | महानिर्देशक |
| ९. | प्राविधिक परामर्श प्रदान गर्ने | निवेदन आधिकारिक पत्र/ सहित अनलाइन प्रणाली मार्फत | - | नि:शुल्क | कार्यदिन 2 भित्र | उप) सचिव-प्रशासन तथा जनशक्ति विकास शाखा( | कार्यालय समय भित्र | महानिर्देशक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 10. | सरकारी कर्मचारीलाई आई .टी. सम्बन्धी तालिम प्रदान गर्ने | निवेदनआधिकारिक पत्र/ बजेट व्यवस्था | - | निःशुल्क | वार्षिक कार्यक्रम अनुसार क्रमैसँग | उप) सचिव-प्रशासन तथा जनशक्ति विकास शाखा( | कार्यालय समय भित्र | महानिर्देशक |
| 11. | सूचना प्रविधि सम्बन्धी र यस विभागसँग सम्बन्धित जानकारी | निवेदनआधिकारिक पत्र/ | - | निःशुल्क | बढीमा कार्यदिन 7 | सूचना अधिकारी | कार्यालय समय भित्र | महानिर्देशक |
| 12. | जनगुनासो र उजुरी छानबिन | निवेदन वा सूचना | सम्बन्धित कागजातहरू | निःशुल्क | बढीमा कार्यदिन 7 | उप) सचिव-प्रशासन तथा जनशक्ति विकास शाखा ( | कार्यालय समय भित्र | महानिर्देशक |
| 13. | योजना कार्यक्रम तथा प्रगति , सम्बन्धी | निवेदन | - | निःशुल्क | बढीमा कार्यदिन 7 | उप) सचिव-प्रशासन तथा जनशक्ति विकास शाखा ( | कार्यालय समय भित्र | महानिर्देशक |

**नोटः-**

उपर्युक्त बमोजिम प्रदान हुने सेवा प्राप्त गर्न कुनै कठिनाई आइपरेमा सेवासँग सम्बन्धित जिम्मेवार कर्मचारीसँग सम्पर्क राख्न सकिनेछ ।
विभागवाट प्रदान हुने सेवासँग सम्बन्धित जिम्मेवार कर्मचारीसँग सम्पर्क गर्दा सेवाग्राही सन्तुष्ट हुन नसकेमा सम्बन्धित शाखाका निर्देशकसमक्ष उजुरी दिन सकिनेछ ।
निर्देशक समक्ष दिएको उजुरीको सुनुवाई कामको प्रकृतिअनुसार तुरून्त हुनेछ । त्यहाँवाट पनि कामको फर्छ्यौट हुन नसकेमा महानिर्देशकसँग सम्पर्क गर्न सकिनेछ ।
कार्यालयसम्बन्धी जानकारीको लागि प्रशासन, तथा जनशक्ति विकास सम्पर्क राख्न सकिनेछ ।
कार्यालय सम्पर्कः- फोन नं. ०१-४११२३३४, ४११७९४०, ४४९१७१४
ईमेलः- info@doit.gov.np वेबसाइटः- www.doit.gov.np

## ९. विभागीय प्रमुख, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको नाम, पद र सम्पर्क टेलिफोन नम्बर

विभागीय प्रमुख- श्री सुभाष ढकाल, महानिर्देशक, ९८५१०९२९८९,

ईमेल- dg@doit.gov.np

सूचना अधिकारी- प्रकाश दवाडी ,कम्प्यूटर अधिकृत,९७६९६९८६८९

ईमेल prakash.dawadi@nepal.gov.n

गुनासो सुनुवाई अधिकारी - राजन साह तेली, कम्प्युटर ईञ्जिनियर ९८६५३६३०९२

ईमेल- rajan.sah.teli@nepal.gov.n

## १०. आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा सम्पादन गरिएका मुख्य- मुख्य कार्यक्रम र प्रगती

- एकीकृत एस.एम.एस. गेटवे (SMS Gateway) मा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्यूबाट मिति २०७८/०९/०७ गते शुभारम्भ भई हालसम्म ३१४ प्रयोगकर्ता मार्फत १७३ वटा निकायहरुद्वारा जम्मा ६,६५,३८,८०९ वटा SMS प्रणाली मार्फत पठाइएको।
- नागरिक एपमा हालसम्म ६९ वटा सेवाहरु आवद्ध भएका
- केन्द्रिकृत इमेल प्रणालीमा १२०० वटा डोमेन रहेका र २० हजार इमेल खाताहरुमध्ये निष्कृयलाई हटाई हाल १५ हजार ९ सय सकृय खाता रहेको।
- यस विभागमा सूचिकरण भएकाः डाटा सेन्टर ६, क्लाउड सेवा प्रदायक ६, र डाटा सेन्टर र क्लाउड दुवै सेवा प्रदायक ५

| सि न | सेवा प्रदायकको नाम | डाटा सेन्टर | क्लाउड सर्भिस |
|---|---|---|---|
| १ | NCELL | ✓ | ✓ |
| २ | Access World Tech | ✓ | ✓ |
| ३ | Silver Lining | ✓ | × |
| ४ | Data Hub | ✓ | ✓ |
| ५ | Dish Media Network Ltd | ✓ | ✓ |
| ६ | Digital Network Solution (Everest Cloud) | × | ✓ |
| ७ | Times Global Pvt Ltd | ✓ | ✓ |

- विभागबाट सञ्चालित प्रमुख ४ प्रणालीहरुको सञ्चालनमा आएका समस्या समाधान गर्ने प्रयोजनार्थ व्यवस्था गरिएका मोबाइल नम्बरहरु

| सि न | प्रणालीको नाम | व्यवस्था भएको मोवाइल नं. |
|---|---|---|
| १ | एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) | ९७६१४२६१८० |
| २ | एकीकृत वेवसाइट व्यवस्थापन प्रणाली (GIWMS) | ९७६१४२६१७९ |
| ३ | केन्द्रीकृत सरकारी ईमेल | ९७६१४२२६१८१ |
| ४ | ई- हाजिरी | ९७६८५५३६९० |

## ११. आ.ब.२०८२/८३ को चौथो त्रैमासिक विनियोजन र खर्च (वित्तीय र भौतिक प्रगति समेत)

| त्रैमासिक विनियोजन(रु. लाखमा) | | कुल त्रैमासिक खर्च (रु. लाखमा) | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|
| चालु | पुँजिगत | चालु | पुँजिगत | वित्तीय | भौतिक |
| ६६ | २६६ | १३३ | ३५ | ५१% | ७६% |

## १२. चौथो त्रैमासिकमा सञ्चालित कार्यक्रमहरुसँग सम्बन्धित फोटाहरु



विभागमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को knowledge Transfer तालिम



गण्डकी प्रदेशमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली(GIOMS)को तालिम सञ्चालन